भूमे साप्ताहिक
वर्ष ६ अङ्क ३६ जेष्ठ ११ आईतबार


## सम्पादकीय

# भूमेले देखाएको सम्भावनाको बाटो

पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ को हालैको भूमे गाउँपालिका अवलोकन भ्रमण केवल औपचारिकता थिएन—त्यो एउटै सन्देश बोकेको थियो। “विकास दुर्गमता टार्दै अगाडि बढ्न सक्छ, जहाँ इच्छाशक्ति र सहभागिता बलियो हुन्छ।” संघीयता लागू भएको दशक पुग्न लागेको छ। तीन तहको शासन प्रणाली अब अभ्यासमा छ, तर अझै पनि समन्वय र अधिकार बाँडफाँटमा अन्योल छ। यति हुँदाहुँदै पनि भूमेले जसरी स्थानीय स्रोत, साधन र सामुदायिक सहभागितामार्फत विकासलाई मूर्त रुप दिँदै आएको छ, त्यो राष्ट्रिय नमुना बन्ने खालको हो।

एक समय जनयुद्धको मर्मभूमि रहेको भूमे आज शिक्षा, स्वास्थ्य, सञ्चार र यातायात जस्ता पूर्वाधारको विस्तारमा होमिएको छ। यो रूपान्तरण केवल भौतिक निर्माणमा सीमित छैन; सामाजिक चेतनामा आएको परिवर्तन, स्थानीय तहप्रतिको भरोसा र जनप्रतिनिधिप्रतिको आशाले भूमेलाई ‘विकासको नयाँ अध्याय’ लेखाउने स्थान बनाएको छ। भूमे गाउँपालिका प्रशासनिक सुधार र पारदर्शी सेवा प्रवाहको कुरा गर्दा भूमेको उदाहरण आफैंमा एउटा प्रतिविम्ब देखिन्छ। स्थानीय सरकारहरू जनताको ढोकासम्म सेवा पुर्‍याउने हो भने तिनलाई स्रोत, साधन र निर्णय क्षमता दिनैपर्छ भन्ने सन्देश पनि भूमेबाट प्राप्त हुन्छ।

भूमे साप्ताहिक सम्पादकीय टिमको तर्फबाट हामी यो परिवर्तनशील यात्राको नेतृत्व गर्ने सम्पूर्ण सरोकारवाला—जनप्रतिनिधि, कर्मचारी, समुदाय र साझेदारहरूलाई बधाई दिन चाहन्छौं। साथै, यस्ता अभ्यासहरूलाई प्रेरणाको रूपमा ग्रहण गरी अन्य स्थानीय तहहरूले पनि संविधानको आत्मा व्यवहारमा उतार्न अग्रसर होउन् भन्ने कामना गर्छौं। अब यो अवसरलाई अझै मजबुत बनाउँदै स्थानीय लोकतन्त्र, जवाफदेहिता र दिगो विकासका सूत्रहरूमा गहिराइ ल्याउन हामी सबै लाग्नुपर्छ। भूमेले देखाएको सम्भावनाको बाटो अरू स्थानीय तहका लागि पनि प्रेरणा बन्न सकोस्।



प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भूमे गाउँपालिकामा प्रचण्डको अवतरण : स्थानीय तहको स्वायत्तता माथि जोड






❖ बालाराम शेर्पाली

**रुकुमपूर्व, जेठ ८।** रुकुमपूर्वको ऐतिहासिक स्थान भूमे गाउँपालिकामा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को आगमनले स्थानीय तहको अधिकार र विकास बहसलाई पुनः चर्चामा ल्याएको छ। गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, उपाध्यक्ष सविना बुढामगर, प्रमुख प्रशासकीय अधिकृत देबिलाल विक, वडा अध्यक्षहरू र गाउँपालिकाका सम्पूर्ण कर्मचारीले पूर्वप्रधानमन्त्रीलाई स्वागत पुष्पगुच्छासहित गरिएको स्वागत कार्यक्रमले उत्साहपूर्ण वातावरण सिर्जना गरेको थियो।

स्वागत कार्यक्रमपछि छलफलमा गाउँपालिका अध्यक्ष श्रेष्ठले गाउँपालिकाको साप्ताहिक रुपमा प्रकाशन भूमे बुलेटिन, सांस्कृतिक चित्रपुस्तिका र प्रगति प्रतिवेदन पूर्वप्रधानमन्त्रीलाई हस्तान्तरण गर्नुभएको थियो।

अध्यक्ष श्रेष्ठले स्थानीय तहमा प्रशासनिक संघीयता देखिए पनि वित्तीय संघीयता अझै स्थापित हुन नसकेको गुनासो गर्नुभयो। "वित्तीय अधिकार केन्द्रमै सीमित हुँदा विकास योजनाहरू सोचेजस्तो कार्यान्वयन गर्न सकिएको छैन," उहाँले भन्नुभयो। बजेट विनियोजनको प्रक्रिया जनताको आवश्यकता, भूगोलको चुनौती र स्थानिक यथार्थसँग

वर्ष ६ अङ्क ३६ २०८२ जेष्ठ ११
आईतबार






मेल नखाने अवस्था अझै कायम रहेको बताउनुभयो। "संघीयता भनेको स्थानीय सरकारलाई सक्षम बनाउने संयन्त्र हो, तर हामी अझै स्रोतको अभावमा योजना अलपत्र पार्न बाध्य छौं," श्रेष्ठले दुःखेसो पोख्नुभयो।

पूर्वप्रधानमन्त्री दाहालले संघीयता संविधानले परिकल्पना गरेजस्तै व्यवहारमा उतार्न अझ गहिरो छलफल र नीतिगत पुनरावलोकन आवश्यक रहेको बताउनुभयो। "हामी तीन तहको शासन प्रणालीमा छौं, तर यसको सफल कार्यान्वयनका लागि केन्द्र, प्रदेश र स्थानीय सरकारबीच समन्वय र जिम्मेवारीको स्पष्टता आवश्यक रहेको उहाँले बताउनुभयो।

दाहालले अब राजनीतिक रूपान्तरणसँगै प्रशासनिक सुधार र सेवाप्रवाहको पारदर्शिता सुनिश्चित गर्नु अत्यावश्यक भएको उल्लेख गर्नुभयो। "स्थानीय सरकारले जनताको घरदैलोमै सेवा पुऱ्याइरहेका छन्, त्यसैले तिनलाई स्रोतसाधन र निर्णय क्षमता दिनु आवश्यक छ," दाहालले जोड दिनुभयो। भूमे गाउँपालिकाको अवलोकनबाट आफू सकारात्मक प्रेरणा लिएर फर्किएको बताउँदै दाहालले सामाजिक रूपान्तरणतर्फको गाउँपालिकाको प्रयास सराहनीय रहेको बताउनुभयो। "समाजवादको दिशामा स्थानीय तहको अग्रसरता महत्वपूर्ण रहेको बताउनुभो।

रुकुमपूर्वकै दुर्गम क्षेत्रका रूपमा परिचित भूमे गाउँपालिका माओवादी जनयुद्धको सशक्त मोर्चा पनि थियो। आज त्यही भूमिमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चारजस्ता आधारभूत पूर्वाधारहरूको पहुँच विस्तार हुँदै गएको छ।

स्थानीय सरकारको पहल र समुदायको सक्रिय सहभागिताले विकासका गतिहरूलाई गति दिइरहेको छ। स्थानीय नागरिकमा थप आशा र अपेक्षा पलाएको छ। भूमेले विकासको नयाँ अध्याय सुरु गरिरहेको छ।

# भूमेमा बजार अनुगमन कैयौँ पसल अवैधानिक म्याद नाघेका वस्तु नभेटिएन

❖ बालाराम शेर्पाली




रुकुमपूर्व। भूमे गाउँपालिका–२ खाबाङ र वडा नं.१ लकुममा गरिएको बजार अनुगमनमा म्याद गुज्रिएका र अखाद्य वस्तुहरू नभेटिए पनि धेरैजसो पसल व्यवसाय दर्ता नगरी सञ्चालनमा रहेको खुलासा भएको छ। गाउँपालिकाका उपाध्यक्ष सविना बुढामगरको संयोजनमा सम्पन्न अनुगमन टोलीमा सहायक प्रमुख जिल्ला अधिकारी जीवन कुमार खड्का, उद्योग वाणिज्य संघ रुकुमपूर्वका अध्यक्ष केबिन्द्र गौतम, घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख भोला प्रसाद शर्मा, गाउँपालिकाका प्रमुख प्रशासनिक अधिकृत देबिलाल विक, नेपाल पत्रकार महासंघ रुकुमपूर्वका उपाध्यक्ष बालाराम शेर्पाली, ईलाका प्रहरी कार्यालय काँक्रीका प्रतिनिधिसहितको उपस्थिति थियो।

अनुगमनपछि भूमे गाउँपालिका उपाध्यक्ष सविना बुढामगरले स्थानीय बजारमा उपभोक्ताको अधिकार र सार्वजनिक स्वास्थ्य सुरक्षाका लागि यस्ता अनुगमन आवश्यक भएको बताउँदै अवैधानिक रूपमा सञ्चालनमा रहेका व्यवसायहरूले आवश्यक कागजातसहित गाउँपालिकामा सम्पर्क गर्न आग्रह गर्नुभएको छ।



सहायक प्रमुख जिल्ला अधिकारी खड्काले व्यवसायीहरूमा करप्रति चेतनाको कमी रहेको

वर्ष ६ अङ्क ३६ २०८२ जेष्ठ ११
आईतबार

उल्लेख गर्दै कर प्रणाली, व्यवसाय दर्ता, उपभोक्ता संरक्षण तथा मापदण्ड पालना गराउन जिल्ला प्रशासन कार्यालय कडाइका साथ अघि बढ्ने स्पष्ट पार्नुभएको हो। उद्योग वाणिज्य संघ रुकुमपूर्वका अध्यक्ष गौतमले दर्ता प्रक्रियाबारे प्रस्ट जानकारी नहुँदा तथा अनावश्यक जटिलताको डरले कतिपय व्यवसायीहरू दर्ता नगरी व्यवसाय सञ्चालन गरिरहेको बताए। समाधानका लागि पारदर्शी, सहज र सहयोगी वातावरण आवश्यक रहेकोमा उनले जोड दिनुभएको छ।

घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख शर्माले अब दर्ता नगरी सञ्चालन हुने व्यवसायलाई सहुलियत नदिइने स्पष्ट गर्दै, कार्यालयले दर्ता प्रक्रिया सरल बनाएको जानकारी दिनुभयो। साथै, स्थानीय तहसँग समन्वय गर्दै नियमित अनुगमन, निगरानी र कारबाहीलाई प्राथमिकता दिइने बताउनुभएको छ।

# किसानका उत्पादन राजधानीसम्म : भूमेमा सहकारीको सफलता



रुकुमपूर्व, । पूर्वप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले रुकुमपूर्वको भूमे गाउँपालिका–२, खाबाङ बगरमा सञ्चालित सहकारी बजारको अवलोकन गर्दै स्थानीय उत्पादन राजधानीसम्म पुऱ्याउने प्रयासलाई ‘सहकारीको सफल मोडेल’को संज्ञा दिनुभएको छ। मारिङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड’द्वारा सञ्चालनमा रहेको उक्त बजारले स्थानीय कृषकका अर्गानिक उत्पादन संकलन, प्रशोधन र बजारीकरणको काम गरिरहेको देख्दा कृषि क्रान्तिमा भूमे आफ्नै गतिमा उकालो लागेको बताउनु भएको हो।



बुढा मगरले किसानको उत्पादन उनीहरूको घरबाटै खरिद गरेको र उपयुक्त मूल्यमा बजारीकरण गरेको बताउनुभयो। जस्ले गर्दा हिमालि रुकुमपूर्वबाट थुप्रै परिकार बाहिरी बजारमा निर्यात भएको बताउनुभयो।

**उक्त टोलीमा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपाध्यक्ष कृष्णबहादुर महरा, अग्नी सापकोटा, पम्फा भुसाल, महासचिव देव गुरुङ, प्रदेश इञ्चार्ज चक्रपाणि खनाल, मुख्य सचिव गणेशमान पुन र स्थायी समिति सदस्य कमला रोका लगायतको उपस्थिति थियो।**

पूर्वप्रधानमन्त्री प्रचण्डले सहकारीको कामको प्रशंसा गर्दै भने, "स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याएर किसानको आत्मबल बढाउने कार्य यस सहकारीले गरिरहेको देख्दा यस्ता नमुना कार्यक्रमहरूले राष्ट्रिय अर्थतन्त्रलाई टेवा दिने बताउनुभयो।

साना टोकरीमा सिमी, अदुवा, र महको नमुना उत्पादन टकटक परेको चारैतिर हेरे पछि देशले देखेको सपना आत्मनिर्भर नेपालको आधार भूमे गाउँपालिका बनेको बताउनुभयो।


सहकारी अध्यक्ष रामसुर बुढामगरले अवलोकनमा सहभागी नेताहरूलाई सहकारीको हालको अवस्था, कार्यक्षेत्र र सम्भावनाबारे जानकारी दिनुभएको थियो।

स्थानीय कृषकहरूका अनुसार सहकारी सञ्चालनमा आएपछि उत्पादन बिक्रीको समस्या घटेको छ।

पहिले बजारसम्म लैजान हम्मे पर्थ्यो, अहिले भने सहकारीले सजिलो बनाइदिएको बताएका छन्। मारिङ सहकारीले उत्पादनको गुणस्तर सुधार, प्याकेजिङ र बजार विस्तारमा समेत जोड दिएको छ।

वर्ष ६ अङ्क ३६ २०८२ जेष्ठ ११
आईतबार

# वास्तविक नाम गुमाएका गाउँबस्ती



❖ **जयमान बुढामगर**

रुकुमपूर्व। जिल्लाका पुथाउत्तरगङ्गा र भुमे गाउँपालिकास्थित विभिन्न गाउँको नाम दैनिक व्यवहार र जनजिब्रोमा एकथरी र सरकारी कागजपत्रमा अर्को नामले परिचित हुन थालेका छन्।

यी दुई गाउँपालिका मगर जातिको बाहुल्यता रहेको छ। जसमा पहिलो भाषा (मातृभाषा) 'मगर खाम' बोलीचाली रहेको छ भने आफ्नै रीतिरिवाज तथा रहनसहन रहेको छ। त्यसमै आधारित गाउँ, बस्तीको नामकरण रहेको छ तर उक्त गाउँका नाम सरकारी कागजातमा अर्को नाम उल्लेख गरिएको छ। बस्तीहरूको वास्तविक नामलाई तोडमोड गरी फरक नाम सरकारी कागजातमा उल्लेख भएपछि अर्थसहितका गाउँका नाम अहिले अर्थविहीनका नामले स्थान पाएको भुमे गाउँपालिका–२, काँक्रीका मदन रोका मगरले बताउनुभयो। उहाँले भन्नुभयो, “बाइसे, चौबिसे राज्य हुँदा नै सरकारी कागजातमा बस्तीका वास्तविक नामभन्दा फरक नाम उल्लेख गरेको पाइएको छ। जुन स्थानीय 'मगर खाम' भाषाअनुसारको गाउँ/ठाउँका नाम विस्थापित गरिएको छ। विगतमा हाम्रो समुदायमा पढाइ, लेखाइ नभएकाले अरूले वास्तविक नाम तोडमोड गर्दै राखिदिएकाले मौलिकता बोकेका नामले सरकारी कागजातमा फरक नामकरण हुँदै आएको पाइएको छ।”

पुथाउत्तरगङ्गा गाउँपालिका–१ स्थित 'मैकोट' गाउँको नाम वास्तविकमा 'मै' मात्र रहेको छ। यसैगरी सोही गाउँपालिकाको वडा नम्बर ३ को रैमाबाट रन्मा, वडा नम्बर २ को पिल्माबाट पेल्मा, वडा नम्बर ५ को उनामबाट हुकाम, वडा नम्बर १४ को रासीबाट राङ्सी, ६ नम्बर वडाको दिबरगैराबाट दिम्मुरगैरा, १० को तुबाट तक, वडा नम्बर १२ को गर्खैबाट गर्खानी गरिएको नाम परिवर्तन गरिएको छ।

यीलगायत अधिकांश बस्तीका नाम सरकारी कागजपत्रमा फरक उल्लेख रहेको वडा नम्बर १४ का भिउमान घर्तीमगरले बताउनुभयो। लेख्दा र अरू बाहिरका मान्छेलाई सुनाउँदा एकथरी नाम भन्नुपर्ने र स्थानीय एकआपसमा बोलीचाली गर्दा वास्तविक नामले चिन्ने गरेको घर्तीमगरले बताउनुभयो।

यसैगरी भुमे गाउँपालिका –१ को लुगुमबाट लुकुम, २ नम्बर वडाको कारीबाट काँक्री, वडा नम्बर ६ को मईबाट महत, ४ नम्बर वडाको कानाबाट काँडा नाम परिवर्तन गरिएको छ।

विगतमा सरकारले अभिलेख गरेका गाउँलाई स्थानीय नामले नै चिनाउनु पर्दछ भन्ने स्थानीयको भनाइ रहेको छ। पहिचानलाई मेटाउँदै परिवर्तन गरिएका नामका कारणले यहाँका जनताले आत्मसम्मान बोध गर्न नपाएको स्थानीयवासीको गुनासो छ। माथिका गाउँठाउँका नामहरू त एउटा उदाहरण मात्रै हुन्। यस्ता नाम परिवर्तन भएका कैयौं गाउँका लागि स्थानीय सरकारले ध्यान दिनुपर्ने घर्तीमगरले बताउनुभयो। स्थानीय सरकारले छिटोछरितो यस्ता गाउँठाउँको पहिचान गरी सम्बन्धित निकायको ध्यानाकर्षण गर्न सके सरकारी अभिलेखमा पुनः अभिलेखीकरण हुन्छ कि भन्ने आफूहरूको आस रहेको घर्तीमगरको भनाइ छ।




## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,रूकुम पूर्वको सूचना

सफा र शुद्ध पानीको उपयोगले स्वास्थ्य र जीवनशैलीमा प्रत्यक्ष सुधारले हाम्रो जीवन स्वस्थ रहन्छ।खानेपानीको मुहानहरुमा सरसफाइमा अल्प ध्यानले पनि गम्भीर रोगहरू निम्त्याउन सक्छ।रोग निम्तिन दिन भन्दा पहिले हामी सबै सचेत हुन जरुरी रहेको छ।खानेपानीको उचित हेरचाह उमालेर वा फिल्टर गरेर पिउँदा हाम्रो परिवार र समुदायलाई रोगबाट बचाउन महत्वपूर्ण भूमिका खेल्छ।यसैले, स्वस्थ जीवनका लागि स्वच्छ पानी र सरसफाइमा निरन्तर जागरूकता र सही अभ्यास अपनाउनु आवश्यक छ।

## स्वच्छ खानेपानी, स्वस्थ जीवन।

- स्वच्छ पानी पिउँ, स्वस्थ रहौं।
- खानेपानीको मुहान सफा राखौं, रोगबाट जोगिऔं।
- खानेपानी सरसफाइ अभियानमा सक्रिय सहभागी बनौं।
- जहिले हामी सबैले सफा र शुद्ध पानी मात्रै पिउँ।
- मुहानहरू सुरक्षित राखौं, पानी उमालेर वा फिल्टर गरेर मात्र पिउँ।

## पूर्ण सरसफाई प्राप्तिको लागि निम्न कुराहरू अवलम्वन गरौं।

- दिसापिसावका लागी चर्पिको मात्र प्रयोग गरौं।
- महत्वपुर्ण अवस्थाहरूमा (दिशापिसाव पछि,खाना पकाउनु अघि,खाना खानु अघि)साबुनपानीले राम्रोसँग हात धुने गरौं।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्दिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।
- सुरक्षित खानाको प्रयोग गरौं।
- घरभित्र र बाहिरका तरल पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यपस्थापन गरौं।

# लोक सेवा आयोग बस्तुगत प्रश्नोत्तर

**१ सगरमाथा संवाद २०२५ कहिले सम्पन्न भएको हो ?**

- विसं २०८२ जेठ २–४ नेपाल सरकारले पहिलो पटक आयोजना गरेको सगरमाथा संवाद २५ बुँदे 'सगरमाथा कार्य आह्वान' जारी गर्दै सम्पन्न भएको। परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाद्वारा सो घोषणापत्र सार्वजनिक गर्दै विश्व समुदायलाई जलवायु सङ्कटविरुद्ध एकजुट भई कदम चाल्न आह्वान घोषणापत्रमा १.५ डिग्री सेल्सियसको तापक्रम सीमा कायम राख्न आवश्यक उपायहरू प्रस्तुत गरिएको साथै विकासोन्मुख देशहरूलाई सहयोगको आवश्यकता औँल्याइएको। सगरमाथा संवादमार्फत हिमाल मात्र नभई समुद्र सतहसम्म प्रभावित हुने मुलुकहरूको सरोकार उजागर गर्न खोजिएको।

**२ राष्ट्रिय सूचना आयोगले आफ्नो १९ औं स्थापना दिवसका अवसरमा सर्वोत्कृष्ट अभियन्ता पुरस्कार २०८२ बाट कसलाई सम्मानित गर्‍यो ?**

- वरिष्ठ पत्रकार तारानाथ दाहाल आयोगले सूचना अधिकारको प्रवर्धन, पारदर्शिता तथा सुशासनमा योगदान पुर्‍याउने सूचना अधिकारी, कर्मचारी र पत्रकारहरूलाई पुरस्कार तथा सम्मान प्रदान गरेको।

**३ नेपाललाई कहाँ सम्पन्न अन्तर्राष्ट्रिय पर्यटन मेलामा 'वर्ष २०२५ को लोकप्रिय सांस्कृतिक पर्यटन गन्तव्य' घोषणा गरियो ?**

- चीनको ग्वान्झाओ (सन् २०२५ मे)

**४ सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक प्रतिनिधि सभाबाट कहिले पारित भएको हो ?**

- विसं २०८२ जेठ ४ गते

**५ आव २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम अनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यमलाई के बनाउने घोषणा भएको छ ?**

- राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम विद्यालय शिक्षाको शासकीय सुधार र पुनर्संरचना, विद्यालय शिक्षा विधेयक यही अधिवेशनबाट पारित गर्ने, प्राविधिक शिक्षालाई विश्वविद्यालय तहसम्म पुर्‍याउने, २०८४ सालभित्र सबै बालबालिकालाई आधारभूत शिक्षा, विकट क्षेत्रमा आवासीय विद्यालय खोल्ने,किताबखानाको काम प्रदेशमा हस्तान्तरण गर्ने, पहुँचसहितको भर्चुअल शिक्षा प्रणाली, सामुदायिक विद्यालयका पाठ्यक्रममा एकरूपता, संस्थागत–सामुदायिक विद्यालय साझेदारी, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम बनाइने,इन्टर्नमा काम गर्ने विद्यार्थीलाई कार्य घण्टामा आधारित ज्याला प्रणाली लागु गर्ने घोषणा, विश्वविद्यालयसँगको सहकार्यमा शिक्षक बैङ्क स्थापना गर्ने, शिक्षकको राष्ट्रिय योग्यता मापदण्ड जारी गर्ने, शिक्षक दरबन्दीको पुनरवलोकन गर्ने, विश्वविद्यालयको शासकीय प्रणालीमा सुधार।

भूमे साप्ताहिक
आलेख
१०
वर्ष ६ अङ्क ३६ २०८२ जेष्ठ ११
आईतबार

# स्थानीय न्यायिक समिति र यसको महत्व

❖ *चेतन बुढा मगर*




नेपालमा प्राचीनकालीन समयमा स्थानीय स्तरमा न्यायिक निकायको काम गर्ने गरी छुट्टै निकाय नभई विभिन्न गाउँ, वस्ती तथा टोलहरूमा अहिलेकै स्थानीय तहको सरकारसँग मिल्दोजुल्दो प्रकृतिका संरचना थिए। गाउँ खरदरी समिति, गाउँ समिति, वन समिति, टोल समिति आदि जस्ता विभिन्न नामले चिनिने संरचनाले समाज व्यवस्थापनका लागि शासन र न्यायको भूमिका निर्वाह गर्दथे। भद्रभलादमी र पञ्चभलादमीमार्फत पीडितलाई न्याय दिलाई मेलमिलापको माध्ययमबाट न्याय सम्पादन गरिन्थ्यो। यसरी स्थानीयस्तरमा न्याय सम्पादनको अभ्यास स्थानीय तह गठन भएपछि एकैपटक आएको नभई प्राचीनकालदेखि नै कुनै न कुनै अवस्थामा अभ्यासरत रहेको पाउन सकिन्छ।

नेपालमा संघीयताको अभ्यासलाई कार्यान्वयनमा ल्याउन र स्थानीयस्तरबाट नै स्थानीय जनतालाई सरल एवम् सहज रूपमा न्यायिक अनुभूति दिलाउने उद्देश्यले स्थानीय तहमा न्यायिक समितिको गठन र न्यायिक समिति मार्फत न्याय निरूपणको थालनी भएको हो। स्थानीय तहबाटै न्याय निरूपण हुँदा सेवाग्राही एवम् स्थानीय जनताले आवश्यकताभन्दा बढी समय र झन्झट खेप्नु नपरेको साथै आपसी मेलमिलापमार्फत गरिएको न्याय निरूपणले समाजमा आपसी सद्भाव र सहिष्णुताको भावनाको विकास गराएको देख्न सकिन्छ। यसरी स्थानीय न्यायिक समितिले स्थानीय स्तरमा न्याय निरूपण गरेर देशमा संघीयता कार्यान्वयनको अनुभूति आम जनमानसमा दिलाउन केही हदसम्म प्रयत्नरत रहेको देखिन्छ। यसबाट पछिल्लो अवस्थामा समग्र रूपमा न्यायको क्षेत्रमा सर्वसाधारण जनताले लिनुपर्ने परामर्श, गर्नुपर्ने विचार विमर्श तथा काम, कर्तव्यका सन्दर्भमा सचेतना अभिवृद्धि हुँदै गएको र आपराधिक गतिविधिहरू गाउँ परिवेशमा कम हुने गरेको साथै जटिल प्रकृतिका मुद्दा बाहेक सामान्य किसिमका विवादहरूलाई स्थानीय निकायमार्फत समाधान गरेको पाइन्छ। साथै न्याय निरूपणमा आर्थिक रूपमा कम खर्चिलो अर्थात खर्चमा मितव्ययिता र समयको बचत हुने गरेको छ र स्थानीय जनताले घरदैलोमा नै सेवा प्राप्त गरेको अनुभूति गर्दछन्। स्थानीय स्तरमा विशेष गरी घरपरिवार, छिमेकी तथा आफन्तसँग हुने सामान्य किसिमका मनमुटाव, घरायसी झै-झगडा तथा गालीगलौज र लेनदेनसम्बन्धी निवेदनहरू बढी मात्रामा न्यायिक

समिति समक्ष दर्ता हुने गरेको पाइन्छ। ती निवेदनहरू स्थानीय जनप्रतिनिधिहरू द्धारा सहज रूपमा सरल तरिकाले नै मेलमिलापको माध्यमबाट न्यायिक निरूपण हुने गर्दछन र त्यसले ठूलो विकराल रूप लिन नपाउदै विवादको समाधान हुने गर्दछ। नेपालको संविधानले तीनै तहका सरकारले राज्य शक्तिको प्रयोग गर्ने गरी भएको व्यवस्था अनुरूप धारा २१७ ले स्थानीय स्तरमा विवाद तथा न्याय निरूपणका लागि गाउँपालिका तथा नगरपालिकामा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य मौजुदा कानुन बमोजिम न्यायिक समितिबाट न्यायिक निरूपण गर्दा विवाद समाधानका वैकल्पिक उपायहरू अवलम्बन गर्दै जीत-जीतको अवस्थामा पुऱ्याएर मेलमिलापको माध्ययमबाट विवादको निरूपण गरी सरकारप्रति जनताको विश्वास दिलाउने कार्य समेत न्यायिक समितिले गर्दछ। नेपालको संविधान र अन्य कानुन बमोजिम स्थानीय न्यायिक समितिले आफूलाई दिइएको अधिकारक्षेत्रभित्र रहेर न्याय सम्पादन गर्ने गर्दछ। न्यायिक समिति समक्ष प्राप्त निवेदन तथा उजुरीहरूको निरूपण गर्नुभन्दा पहिले न्यायिक समितिले आफ्नो क्षेत्राधिकारभित्र पर्ने वा नपर्ने सो कुरा हेरी पत्ता लगाई सोही बमोजिम आवश्यक प्रकृया अगाडि बढाउने गर्दछ। यदि कुनै निवेदन वा उजुरी आफ्नो क्षेत्राधिकाभित्र नपर्ने भएमा आवश्यक निर्देशनसहित सम्बन्धित निकायमा दर्ता तथा आवश्यक प्रकृयाका लागि पठाउने गर्दछ।

स्थानीय स्तरमा कानुनबमोजिम गठित न्यायिक समितिका संयोजक र अन्य सदस्यहरूमा न्यायिक कार्य गर्नको लागि कानुनी ज्ञान, अनुभव तथा क्षमताको न्यूनता देखिन्छ। न्यायिक समितिले एक जना कानुन अधिकृत एवम कानुनी सल्लाहकारको व्यवस्था नहुँदा विभिन्न किसिमका कानुनी जटिलताहरू झेल्नुपरेको अवस्थामा व्यक्तिगत रूपमा कानुन व्यवसायीहरूसँग सम्पर्क गरी परामर्श लिने गरेको देखिन्छ। त्यसैगरी अर्को तर्फ न्यायिक समितिको संयोजक र सदस्यहरू दलगत राजनैतिक प्रकृयाबाट निर्वाचित भएर आउने भएकोले सामाजिक तथा राजनीतिक रूपमा कुनै न कुनै अवस्थामा पूर्वाग्रहीको संभावना रहन सक्ने अवस्था देखिन्छ र निजहरूले आफूले नचाहेर पनि आफ्नो पद र मर्यादालाई ख्याल गर्दै निष्पक्ष रूपमा गर्ने न्याय निरूपण सम्बन्धी कार्यमा कुनै न कुनै अवस्थामा न्यायिक समितिको कार्यसम्पादनमाथि प्रश्न उठिरहेको अवस्था समेत विद्यमान रूपमा पाइन्छ। तसर्थ, न्यायिक समितिलाई न्याय सम्पादन कार्यको लागि न्यायिक मन, तटस्थता र निष्पक्षता आवश्यक छ।

नेपालको संविधानले स्थानीय सरकारलाई न्यायिक अधिकार समेत दिइएको वर्तमान अवस्थामा जनताको सबैभन्दा नजिकको सरकारको रूपमा परिचित स्थानीय सरकारले स्थानीय तहको न्यायिक अदालतको कार्य समेत गर्दै आइरहेको अवस्था छ। स्थानीय सरकार समक्ष नागरिकका नाना, दाना र छाना जस्ता आधारभूत आवश्यकतादेखि लिएर स्थानीय स्तरमा हुने विभिन्न किसिमका विकास

निर्माण, अवसर र सम्भावनाजस्ता कुरालाई समेत सम्बोधन गर्ने दायित्व र जिम्मेवारी बोकेको पहिलो नजिकको सरकार भएको हुनाले यसमा विभिन्न समयमा थुप्रै प्रकारका समस्याहरू आउने गर्दछन्। यी विभिन्न पक्षसँग प्रत्यक्ष जोडिएको विविध विषयहरूलाई जनताको घरदैलोमा नै सहज रूपमा न्याय निरूपण गर्न सकियोस भन्ने उद्देश्यले स्थानीय न्यायिक समितिको व्यवस्था गरिएको हो। देशमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपश्चात स्थानीय तहको सुदृढीकरणको थालनी गर्ने र सरल तथा सहज रूपमा न्याय निरूपण एवम् न्यायमा नागरिकको सहज रूपमा पहुँच स्थापित गर्नुको साथै स्थानीय नेतृत्वको विकास गर्न स्थानीय न्यायिक समितिको अपरिहार्यतालाई आत्मसात गरिएको हो। यस समितिले जनताको अधिकारमा कुनै आघात परेको भए त्यसलाई छिटो, छरितो रूपमा स्थानीय स्तरमा नै उपचार दिलाउने कार्य समेत गर्दछ। विभिन्न किसिमका जोखिम अवस्थामा रहेका समुदाय, आर्थिक तथा सामाजिक, भौगोलिक एवम् शैक्षिक दृष्टिकोणबाट पछाडि परेका वा पारिएका लिङ्ग, जाति, धर्म, क्षेत्र तथा उमेर समूह आदिको न्यायमा सहज पहुँच दिलाउन र न्यायमा सहज पहुँच स्थापित गर्नको लागि स्थानीय तह अन्तर्गत रहेको न्यायिक समितिको भूमिका अत्यन्तै महत्वपूर्ण र अपरिहार्यता रहेको छ।

**स्थानीय न्यायिक समितिको महत्व :**

स्थानीय तहमा गठित न्यायिक समितिबाट हुने न्याय निरूपण तथा न्याय सम्पादनपश्चात यसको महत्व दिनानुदिन बढ्दै गइरहेको पाइन्छ, जसलाई देहाय बमोजिम चर्चा गर्न सकिन्छ।

**क) सामाजिक महत्व :**

स्थानीय तहमा गठन भएको न्यायिक समितिले आफ्नो क्षेत्राधिकारभित्रका विवादहरूको न्यायिक निरूपण गर्न थालेपछि हिजोआज यसको थुप्रै किसिमका चर्चा/परिचर्चा समाजमा हुन थालेका छन्। स्थानीय न्यायिक समितिले स्थानीयस्तरमा नै आपसी मेलमिलापको माध्यमबाट न्याय निरूपण कार्य गर्ने भएकोले विवादका पक्ष/विपक्षहरूका बीचको तिक्तता सामान्यीकरण हुँदै गएको साथै आपसी सम्बन्धमा केही हदसम्म भएतापनि सुधारहरू देखिनुको साथै समाजमा हुने विभिन्न किसिमका सामाजिक द्वन्द्वहरू समेत केही हदसम्म घट्दै र कमजोर हुँदै गइरहेको अवस्था छ। यसरी न्यायिक समितिबाट हुने न्याय निरूपण कार्यबाट समाजमा सकारात्मक प्रभाव परेको देख्न सकिन्छ।

**ख) आर्थिक महत्व :**

वर्तमान अवस्थामा हेर्दा न्यायिक क्षेत्र ज्यादै खर्चिलो बन्दै गइरहेको र न्याय सर्वसाधारणको पहुँचमा नरहेको भन्ने जस्ता थुप्रै गुनासाहरू पनि सर्वत्र सुन्दै आइएको भएता पनि यस्ता किसिमका विभिन्न असहजताको अन्त्य गरी न्यायमा सबै किसिमका नागरिकहरूको सहज र सरल रूपमा पहुँच अभिवृद्धि एवम् स्थापित गर्न, कम खर्च र समयमा

न्याय प्रदान गर्न, विवादको दीर्घकालीन र सरल रूपमा समाधान खोज्दै सामाजिक सद्भाव र सहिष्णुतालाई अझै बलियो बनाउन साथै हेर्दा सामान्य खालका तर त्यत्तिकै महत्व बोकेका विवादहरू स्थानीय स्तरमा नै टुङ्गो लगाउन न्यायिक समितिलाई अधिकार दिइएको हो। यसरी स्थानीयस्तरमा उत्पन्न कुनै पनि विवादलाई स्थानीयस्तरमै स्थानीय न्यायिक समितिमार्फत न्याय निरूपण निष्पक्ष, सरल र सहज एवम् समयको समेत बचत भई अत्यन्त न्यून खर्चमा आर्थिक रूपमा मितव्ययी तरिकाले न्यायिक निरूपण हुने गरेको पाइन्छ।

**ग) सामाजिक सचेतना र जनसहभागितामा अभिवृद्धि** :स्थानीय न्यायिक समितिको लक्ष्य, उद्देश्य र कार्यप्रकृया, क्षेत्राधिकार तथा यसको भूमिका आदि जस्ता विषयमा विभिन्न सचेतना जगाउन तथा स्थानीय तहका विवादहरूको उचित समाधान संयन्त्रमा व्यापक जनसहभागिता अभिवृद्धि गर्नका लागि न्यायिक समितिको भूमिका उल्लेख्य रहेको हुन्छ। समाजमा सञ्चालित विभिन्न स्थानीय रेडियो, एफ.एम.स्थानीय पत्रपत्रिका, विभिन्न गोष्ठी तथा अन्तरक्रीया कार्यक्रम आदि जस्ता माध्यमहरूबाट न्यायिक समितिबाट सम्पादन हुने काम, कारबाही तथा अनुभवहरूको आदान-प्रदान एवम् प्रचार-प्रसार भई सामाजिक सञ्जालको माध्यमबाट समेत सु-सूचीत हुनुका साथै सामाजिक जनसहभागिता अभिवृद्धि भएको पाइन्छ।

**घ) जनविश्वास अभिवृद्धि** : देशको मूल कानुन संविधानले परिकल्पना गरेअनुसार स्थानीय न्यायिक समितिलाई जुन रूपमा अधिकार सम्पन्न बनाइएको छ, सोहीअनुसार नागरिकहरूमा स्थानीय न्यायिक समितिप्रतिको विश्वास बढ्नुको साथै निष्पक्षता र कानुनको दृष्टिमा सबै समान हुन भन्ने कानुनी मान्यतालाई आत्मसाथ गर्दै नागरिकहरुमा जनविश्वास अभिवृद्धि हुने गरेको छ। अन्त्यमा नागरिकहरूको जीउधन, समानता र स्वतन्त्रताको रक्षाको लागि आवश्यकताको आधारमा अन्तरिम संरक्षणात्मक आदेश दिन सक्ने अधिकार समेत स्थानीय न्यायिक समितिलाई दिइएको छ। शक्ति पृथकीकरण र अधिकारको प्रत्यायोजनलाई लोकतन्त्रको महत्वपूर्ण पक्षका रूपमा लिन सकिन्छ। त्यसकारण स्थानीय न्यायिक समितिको अधिकारक्षेत्र विस्तार गर्न र थप साधन स्रोतले भरिपूर्ण एवम् सक्षम र सबल समितिको रूपमा चिनाउदै न्याय निरूपणको क्षेत्रमा प्रभावकारी रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्न स्थानीय न्यायिक समितिलाई थप अधिकार प्रत्यायोजन गर्न सकिएको खण्डमा लोकतान्त्रिक पद्धतिबाट न्याय निरूपणको अभ्यासले थप सार्थकता पाउने देखिन्छ। देशको संघीय शासन प्रणालीको सफल कार्यान्वयनका लागि कानुनी शासनको अवधारणालाई मूर्त रूप दिन र एक सक्षम, सबल र न्यायपूर्ण समाजको निर्माण हुनुका साथै नेपालको संघीय शासन प्रणाली सबल, सक्षम र प्रभावकारी भई **"समृद्ध नेपाल र सुखी नेपाली"** को दीर्घकालीन सोच पूरा गर्नमा समेत टेवा पुग्ने देखिन्छ।

वर्ष ६ अङ्क ३६ २०८२ जेष्ठ ११
आईतबार

# कोदो खेती नेपालमा कसरी गर्ने



पहाडी क्षेत्रमा घुसुवा बालीको रुपमा र पश्चिमी भेगको पहाडी क्षेत्रमा एकल बालीको रुपमा कोदोको खेती गरिन्छ तापनी यसको क्षेत्रफल अत्यन्त न्यून छ। विश्वमा कोदो बालीको बार्षिक उत्पादन करिव ४५ लाख मेट्रिक टन हुन्छ। विश्वका २५ भन्दा पछि अफ्रिकी र एसियाली देशहरुमा कोदोको खेती गरिन्छ भने कोदो उत्पादन गर्ने मुख्य देशहरुमा भारत , युगाण्डा र चिन हुन।

कोदो नेपालमा उत्पादन हुने अन्न बालीहरु मध्ये धान, मकै र गहुँ पछिको चौथौ महत्वपुर्ण बाली हो। आर्थीक बर्ष २०७१ ७२ को कृषि तथ्यांङ्क अनुसार २,६८,०५० हेक्टर जमीनमा कोदो खेती गरिएको थियो भने यसको बार्षिक कूल उत्पादन ३०८४८८ मेट्रिक टन र उत्पादकत्व १.१५ टन प्रति हेक्टर भएको थियो। यो परिणाम नेपालको कूल खाद्यान्न उत्पादनको ३.८१ प्रतिशत हुन आउँछ। नेपालको मध्य पहाड कोदो उत्पालन हुने प्रमुख क्षेत्र हो। यस क्षेत्रमा मकैमा घुसुवा बालीको रुपमा कोदोको खेती गरिन्छ। र कतै कतै सुख्खा जमीनमा एकल बालीको रुपमा पनि लगाईएको पाइन्छ। बिशेषगरी देशको पूर्वी र मध्य भागको

## काब्रे कोदो

यो जातको पैतृक श्रोत थाहा नभए पनी २०४५ सालमा दक्षिण एशियाली क्षेत्रिय सहयोग सगंठन भित्र सचांलन गरिएको जातीय परीक्षण मार्फत यो जात प्राप्त भएको थियो। निरन्तर रुपमा नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका बिभिन्न अनुसन्धान संस्थाहरुको सहकार्यको परीक्षणबाट प्राप्त आंकडा अनुसार पहाडीबाली अनुसन्धान कार्यक्रम, काब्रे, दोलखाले उन्मोचनको लागी प्रस्तावना पेश गरि राष्ट्रिय बिउबिजन उन्मोचन समितिले २०७२ सालमा काब्रे कादो–२ नामको जात नेपालको पहाडी क्षेत्रको लागी सिफरीस गरेको हो।

## जातिय पहिचान तथा बिशेषता

यस जातको बोटको औषत उचाई ९० सेन्टि मिटर तथा लगाउने स्थान बिशेष अनुसार १२८– दिन भित्र पाक्ने गर्दछ। या जातको बोटको आख्लां र गुच्छाको औंलाको रगं फुल्ने बेलामा हरियो तर पाक्ने समयमा औंलाहरु बिस्तारै हल्का खैरो रगंमा परिणत भई भित्रपट्टि घुम्रिएका हुन्छन।

त्यसै गरि यसको एउटा गुच्छामा औषत ६ वटा औंलाहरु हुन्छन र तिनको लम्बाई ६ से.मि. हुन्छन। यो जातको दानाको रङ्ग फिका रातो र अन्य जातको भन्दा केहि ठुलो हुन्छ। साथै यो जातले सुख सहने, नढल्ने, औंला र घाटीमा लाग्ने मरुवा र पातमा लाग्ने थोप्ले रोग सहन सक्दछ।

## ब्याड राख्ने तथा रोप्ने समय

कोदोको बीउ राख्ने र रोप्ने समय हावापानी र मौसमको आधारमा स्थान अनुसार फरक पर्दछ। साधारणतया कोदो रोप्नु भन्दा १ महिना पहिले बीउ राख्नु पर्दछ  र ३०–३५ दिनको कोदोको बेर्ना रोप्न उपयुक्त हुन्छ। पहाडी बाली अनुसन्धान कार्यक्रम काब्रे, दोलखामा गरिएको अनुसन्धानमा मध्य पहाडी क्षेत्रमा असार महिनाको पहिलो सातामा लगाइएको कोदोले राम्रो उत्पादन दिने र त्यसभन्दा पहिले रोपेको कोदोको नल धेरै हुने पाइएको छ। मध्य पहाडी क्षेत्रमा कोदोखेती गर्दा भौगोलिक अवस्थाको आधारमा असार देखि श्रावण महिना सम्म रोप्ने गरिन्छ।

## जमिनको तयारी

सामान्यतया मकै बाली भित्र घुसुवा बालीका रुपमा कोदो लगाईने भएकाले मकै बारी भित्र कोदालीले माटो पल्टाएर झारपात सफा गरेपछि कोदोको बेर्ना रोप्ने प्रचलन छ।

तर एकल बालीको रुपमा कोदो खेति गर्न हलो वा ट्याक्टरले एक दुइ पतटक राम्ररी जोते पछि डल्ला फोरेर झारपात हटाएर जमिनको तयारी गर्नु पर्दछ। कोदो रोप्न माटो मसिनो र मिहिन बनाउनु पर्दैन तर कोदोको बीउ छरेर छरुवा खेति गर्नका लागी भने माटोलाई मसिनो बनाउनू नै उपयुक्त हुन्छ। कोदो खेति गरिने जमिनमा पानी जम्ने अवस्था आउन नदिन पानीको निकासको राम्रो प्रबन्ध मिलाउनु पर्दछ।

## मलखाद

अन्य बाली जस्तै कोदोको बृदि र बिकासका लागी पनि मलखादको आवश्यकता पर्दछ। बिशेषगरी कोदो खेती गर्दा प्रयोग गर्नु पर्ने मलखादको मात्रा लगाउने जात, माटोको प्रकार र बाली लगाउने तरिका आदी कुराहरुमा निर्भर गर्दछ।

तसर्थ माटोको परिक्षण गराएर मात्र माटोमा अपुग तत्वहरु उपयुक्त मात्रामा प्रयोग गर्नु सबैभन्दा राम्रो हुन्छ। पहाडीबाली  अनुसन्धान कार्यक्रम , काब्रे दोलखाले कोदो खेतीका लागी युरयिा ३.६७ किलो ग्राम , डि. ए .पी  ३.२६० किलो ग्राम , पोटास १.६६६ किलो ग्राम र २० –२५ डोका प्राङ्गारीक मल प्रति रोपनीका दरले प्रयोग गर्न सिफारीस गरेको छ। यसरी मल प्रयोग गर्दा पोटास र डि.ए.पी. को पुरै मात्रा र युरियाको आधा मात्रा

मल जमीनको अन्तीम तैयारीको समयमा प्रयोग गर्नु पर्दछ र युरियाको बाकी आधा मात्रा गाँज आउने समयमा टपड्रेस गर्नु पर्दछ। नेपालको धेरै स्थानहरुमा मकै छर्दा प्राङ्गारीक मल प्रयोग गर्ने र कोदो रोप्दा मल प्रयोग नगर्ने चलन भए पनि कोदोको उत्पादन बढाउन उचित मात्रामा मलखाद प्रयोग गर्न आवश्यक हुन्छ।

## रोप्ने तरिका

पहाडीबाली अनुसन्धान कार्यक्रम काब्रेले हालसम्म गरेको परिक्षणमा प्रति वर्गमिटर क्षेत्रफल जमिनमा १०० बोट कायम गर्दै आएको छ। सामान्यतया रुखो जमिनमा कोदो खेती गर्दा मलिलो माटोको तुलनामा बोट संख्या बढि कायम गर्नपर्ने हुन्छ। कोदोको बेर्ना लाइनमा रोप्ने हो भने एक हारदेखि अर्को हारको दूरी र एक बोटदेखि अर्को बोटको दूरी से.मी. कायम गर्दा राम्रो उत्पादन लिन सकिन्छ।

## सिंचाई

कोदोको बर्षायाममा लगाइने हुदाँ सुख्ख सहन सक्ने वाली भएकाले र साधारणतया खेती गर्दा सिंचाई गर्नु पर्दैन। तर सिंचाईको सुबिधा उपलब्ध भएमा र जमिन बढि सुख्खा छ भने गाजँ हाल्ने र फूल फूल्ने समयमा सिंचाई गर्दा उत्पादन बढ्ने देखिन्छ।

## झरपात व्यवस्थापन

पाखो बारीमा एकल बाली वा मिश्रित वालीको रुपमा कोदो खेति गर्दा झारपातले समस्यम उत्पन्न गर्दछ। ब्याड राखेको २५ दिनमा एक पल्ट गोडमेल गर्दा बेर्नाको बिकास राम्ररी हुन्छ। सामान्यतया मकैसँग मिश्रित वा एकल बालीको रुपमा कोदो खेति गर्दा दुई पटक झारपात गोडमेल गर्नु आवश्यक हुन्छ।

## रोग कीराको ब्यवस्थापन

यस जातमा लाग्ने मुख्य कीरामा गवारो खुम्रे कीरा , फट्याङग्रा , झुसिलकीरा , लाही , खपटेकीरा आदी हुन तापनी यस बालीको उतपादनमा खास नोक्सानी पु¥याएको पाइदैन। बेर्ना र पातको डढुवा , पातको थोप्ले रोग , मरुवा , कालो पोके आदी कोदोमा लाग्ने मुख्य रोगहरु भए पनि यो जातले यी रोगहरु सहन सक्ने भएकाले बिषदी प्रयोग गर्नु पर्दैन।

## बाली काट्ने र चुट्ने

यो जातको कोदो रोपेको पाँच महिनामा काट्न तयनर हुन्छ। पाक्ने बेला भएपछि त्यसका ओंलाहरु भित्र तर्फ खम्रिएर खैरो रङ्गका हुन्छन्। नेपालका बिशेषगरी दुई तरिकाबाट कोदो काटिन्छ।

कतै हँसियाले कोदोका झप्पाहरु काटेर कपडाको थैलो वा बोरामा ३–४ दिनसम्म राखेपछि लाठीले कुटेर वा गोरुले दाइँ गरेर कोदो झारिन्छ भने कतै कोदोको नल सहित पुरै बोट काटेर त्यसलाई ३–४ दिनसम्म सुकाएरपछि चुटेर झार्ने गरिन्छ।